तपस्या नै ठूलो भन्दा ठूलो समारोह हो , तपस्या अर्थात् बाबासँग मौज मनाउनु

आज बापदादाले चारैतिरका सबै नयाँ ज्ञानद्वारा हर समय नयाँ जीवन, नयाँ वृत्ति, नयाँ दृष्टि, नयाँ सृष्टि अनुभव गर्ने बच्चाहरूलाई मोहब्बतको बधाई दिइरहनुभएको छ। यस समयमा चारैतिरका बच्चाहरूले आफ्नो दिल रूपी दूरदर्शनद्वारा वर्तमान समयको दिव्य दृष्यलाई देखिरहेका छन्। सबैको टाढा भएर पनि समीप अनुभव गर्ने एउटै संकल्प छ। बापदादाले पनि सबै बच्चाहरूलाई देखिरहनु भएको छ। सबैको नयाँ उमंग-उत्साहको दिलको बधाईको साज(सङ्गित) सुनिरहनु भएको छ। सबैका भेराइटी स्नेह भरि साज धेरै सुन्दर छन्, त्यसैले सबैलाई सँगसँगै रिटर्नमा रेस्पोन्ड गरिरहेको छु। नयाँ वर्षको, हर समय आफूमा दिव्यता ल्याएकोमा र नयाँ उमंग-उत्साहको लागि सदाको बधाई छ। केवल आज नयाँ वर्षको कारण बधाई दिइएको होइन, तर अविनाशी बाबाको अविनाशी प्रीत निभाउने बच्चाहरूप्रति संगमयुगको हर घडीले जीवनमा नवीनता ल्याउने छ, त्यसैले हर घडी अविनाशी बाबाको अविनाशी बधाई छ। बापदादाको विशेष खुशीले भरपुर बधाईले नै सर्व ब्राह्मण वृद्धि भइरहेका छन्। ब्राह्मण जीवनको पालनाको आधार बधाई हो। बधाईको खुशीले नै अगाडि बढ्दै गइरहेका छौं। बाबाको स्वरूपमा हर समय बधाई छ। शिक्षकको स्वरूपमा हर समय स्याबास स्याबासको बोलीले पास विद् अनर बनाइरहेको छ। सद्गुरुको रूपमा हर श्रेष्ठ कर्मको आशीर्वादले सहज र मौजवाला जीवनको अनुभव गराइरहेको छ। त्यसैले पदमापदम भाग्यवान हौ। भाग्यविधाता भगवानका बच्चा बन्यौ अर्थात् सम्पूर्ण भाग्यको अधिकारी बन्यौ। मानिसहरूले त विशेष दिनमा विशेष बधाई दिन्छन् तर तिमीलाई केवल नयाँ वर्षको बधाई मिल्छ र? १ गते बाट २ गते हुनासाथ बधाई पनि सकिन्छ र? तिम्रो लागि हर समय, हर घडी विशेष छ। संगमयुग हो नै विशेष युग, बधाईको युग। अमृतबेला दिनहुँ बाबासँग बधाई लिन्छौ नि! यो त निमित्त मात्र यस दिनलाई मनाउँछौ। तर सदा याद राख– हर घडी मौजको घडी हो। मौज नै मौज छ हैन? कसैले तिमीलाई तपाईको जीवनमा के छ भनेर सोधेमा के उत्तर दिन्छौ? मौज नै मौज छ भन्छौ नि! सारा कल्पको मौज यस जीवनमा अनुभव गर्छौ किनकि बाबासँग मिलनको मौजको अनुभवले सारा कल्पको राज्य अधिकारी र पूज्य अधिकारी दुवैको अनुभव गराउँछ। पूज्यपनको मौज र राज्य गर्ने मौज– दुवैको ज्ञान अहिले छ, त्यसैले मौज अहिले हुन्छ।

यस वर्ष के गर्नेछौ? नवीनता ल्याउँछौ नि! यस वर्षलाई समारोह वर्ष मनाउनु। सोचिरहेका छौ तपस्या गर्ने या समारोह मनाउने? तपस्या नै ठूलो भन्दा ठूलो समारोह हो किनकि हठयोग त गर्नु छैन। तपस्या अर्थात् बाबासँग मौज मनाउनु। मिलनको मौज, सर्व प्राप्तिहरूको मौज, समीपताको अनुभवको मौज, समान स्थितिको मौज। त्यसैले यो समारोह भयो नि। सेवाका ठूला-ठूला समारोह गर्दैनौ, तर तपस्याको वातावरणले वाणीको समारोह भन्दा पनि बढी आत्माहरूलाई बाबातिर आकर्षित गर्छ। तपस्या रूहानी चुम्बक हो, जसले आत्माहरूलाई शान्ति र शक्तिको अनुभवको टाढैबाट अनुभव हुन्छ। त्यसैले आफूमा के नवीनता ल्याउनेछौ? नवीनता नै सबैलाई प्रिय लाग्छ नि। सदैव आफूलाई चेक गर– आजको दिन मनसा अर्थात् स्वयंको संकल्प शक्तिमा विशेष के विशेषता ल्याएँ? र अन्य आत्माहरू प्रति मनसा सेवा अर्थात् शुभ भावना, शुभ कामनाको विधिद्वारा कति उन्नति गरेँ? अर्थात् श्रेष्ठताको नवीनता के ल्याएँ? साथ-साथै बोलीमा मधुरता, सन्तुष्टता, सरलताको नवीनता कति ल्याएँ? ब्राह्मण आत्माहरूको बोली साधारण बोली हुँदैन। बोलीमा यी तीन कुरामा आफूलाई र अन्य आत्माहरूलाई अनुभूति होस्। यसलाई भनिन्छ नवीनता। साथै हर कर्ममा नवीनता अर्थात् हर कर्मले स्व प्रति र अन्य आत्माहरू प्रति प्राप्तिको अनुभव होस्। कर्मको प्रत्यक्षफल र भविष्य जम्माको फल अनुभव होस्। वर्तमान समयमा प्रत्यक्षफल सदा खुशी र शक्तिको प्रसन्नताको अनुभूति होस् र भविष्य जम्माको अनुभव होस्। यसरी सदैव आफूलाई भरपुर सम्पन्न अनुभव गर्नेछौ। कर्म रूपी बीज प्राप्तिको वृक्षले भरपुर होस्। खाली नहोस्। भरपुर आत्माको नेचुरल नशा अलौकिक हुन्छ। यस्तो नवीनताको कर्म गर्यौ? साथै सम्बन्ध-सम्पर्कमा के नवीनता ल्याउनु छ?

यस वर्ष आफूलाई दाताका बच्चाहरू मास्टर दाता– यस स्मृति स्वरूपमा अनुभव गर। चाहे ब्राह्मण आत्मा हुन्, चाहे साधारण आत्मा हुन् तर जसको पनि सम्पर्क-सम्बन्धमा आउँछौ, ती आत्माहरूलाई मास्टर दाताद्वारा

प्राप्तिको अनुभव होस्। चाहे हिम्मत मिलोस्, चाहे उमंग-उत्साह मिलोस्, चाहे शान्ति वा शक्ति मिलोस्, सहज विधि मिलोस्, खुशी मिलोस्– तिनीहरूलाई अनुभवको वृद्धिको अनुभूति होस्। हरेकलाई केही न केही दिनु छ, लिनु छैन, दिनु छ। दिनुमा लिनु समाहित छ। तर म आत्मालाई मास्टर दाता बन्नु छ। यसै प्रमाण आफ्नो स्वभाव संस्कारमा बाबा समानको नवीनता ल्याउनु छ। मेरो स्वभाव होइन, जुन बाबाको स्वभाव सो मेरो स्वभाव। जुन ब्रह्माको संस्कार त्यो ब्राह्मणहरूको संस्कार। यसरी हर दिन आफूमा नवीनता ल्याउँदै जाँदा नयाँ संसारको स्थापना स्वत: नै हुन्छ। बुझ्यौ नयाँ वर्षमा के गर्नेछौ? जे बितिसक्यो त्यो बितेको वर्षको समाप्ति समारोह मनाउनु र वर्तमानको समानता र समीपताको समारोह मनाउनु। त्यस्तै भविष्यको सदा सफलताको समारोह मनाउनु। समारोह वर्ष मनाउँदै उडिराख।

डबल विदेशीले मौजमा रहन मन पराउँछौ नि! त्यसैले मौजको लागि दुई बोली याद राख– एक डट र अर्को नट। नट केलाई गर्नु छ, यो त थाहा छ नि। मायालाई नट एलाऊ (प्रवेश अनुमति छैन)। नट गर्न आउँछ? कि थोरै थोरै एलाऊ गर्छौ? डट लगाइदियौ भने नट भइ नै हाल्छ। डबल नशा छ नि।

भारतवासीले के गर्नेछौ? भारत महान् देश हो– यो आजकालको स्लोगन हो। भारतका नै महान् आत्माहरू महात्मा भनेर गायन गरिएको छ। त्यसैले भारत महान् अर्थात् भारतवासी महान् आत्माहरू। हर समय आफ्नो महानताद्वारा भारत महान् आत्माहरूको स्थान, देव आत्माहरूको स्थान साकार रूपमा बनाउनेछौ। चित्र समाप्त भएर चैतन्य देव आत्माहरूको स्थान सबैलाई देखाउनेछौ। डबल विदेशी र भारत निवासी होइनौ, दुवै नै अहिले मधुबन निवासी हौ। अच्छा!

चारैतिरका सर्व मास्टर दाता आत्माहरूलाई, सदा बाबाद्वारा बधाई प्राप्त गर्ने विशेष आत्माहरूलाई, सदा मौजमा रहने भाग्यवान आत्माहरूलाई, सदा स्वयंमा नवीनता ल्याउने महान् आत्माहरूलाई, फरिश्ता सो देव आत्मा बन्ने सर्वश्रेष्ठ आत्माहरूलाई बापदादाको याद-प्यार। हर घडीको बधाई तथा नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

पार्टीहरूसँग अव्यक्त बापदादाको मिलन:–

(१) अचल-अडोल आत्मा हुँ– यस्तो अनुभव गर्छौ? एकातिर छ हलचल र अर्कातिर तिमी ब्राह्मण आत्माहरू सदा अचल छौ। जति त्यहाँ हलचल छ, त्यति तिमी भित्र अचल-अडोल स्थितिको अनुभव बढ्दै गइरहेको छ। जेसुकै पनि होस्, सबैभन्दा सहज युक्ति हो, नथिंग न्यु। कुनै नयाँ कुरा होइन। कहिल्यै आश्चर्य लाग्छ– यो के भइरहेको छ, के होला? आश्चर्य तब हुन्छ, जब नयाँ कुरा हुन्छ। कुनै पनि कुरा नसोचेको, नसुनेको, नुबझेको र अचानक भएमा आश्चर्य लाग्छ। आश्चर्य होइन, फुलस्टप होस्। दुनियाँ अलमलिन्छ र तिमी मौजमा रहन्छौ। दुनियाँ सानो-सानो कुरामा अलमलिन्छ– के गरौं, कसरी गरौं...। तर तिमी सदा मौजमा छौ, दुविधा समाप्त भइसक्यो। ब्राह्मण अर्थात् मौज, क्षत्रिय अर्थात् दुविधा। कहिले मौज, कहिले अलमल। तिमीहरू सबैले आफ्नो नाम नै भन्छौ– ब्रह्माकुमार कुमारी। क्षत्रिय कुमार र क्षत्रिय कुमारी त होइन नि? सदा आफ्नो भाग्यको खुशीमा रहन्छौ। दिलमा सदा, स्वत: एक गीत बजिरहन्छ– वाह बाबा र वाह मेरो भाग्य! यो गीत बजिरहन्छ, यसलाई बजाउने आवश्यकता छैन। यो अनादि बजि नै रहन्छ। हाय-हाय खतम भयो, अहिले छ वाह-वाह। हाय-हाय गर्नेवाला त धेरै छन् तर वाह वाह गर्ने धेरै कम छौ। त्यसैले नयाँ वर्षमा के याद राख्छौ? वाह-वाह। जे सामुन्ने देख्छौ, जे सुन्छौ, जे बोल्छौ– सबै वाह-वाह, हाय-हाय होइन। हाय यो के भयो! होइन, वाह, यो धेरै राम्रो भयो। कसैले नराम्रै गरोस् तापनि तिमीले आफ्नो शक्तिद्वारा नराम्रोलाई राम्रोमा परिवर्तन गरिदेऊ। यही त परिवर्तन हो नि। आफ्नो ब्राह्मण जीवनमा नराम्रो नै हुँदैन। चाहे कसैले गाली पनि गर्छ, बलिहारी गाली गर्नेको, जसले सहन शक्तिको पाठ पढायो। बलिहारी त भयो नि, जो मास्टर बन्यो तिम्रो! थाहा त लाग्यो तिम्रो सहन शक्ति कति छ, त्यसैले नराम्रो भयो या राम्रो भयो? ब्राह्मणहरूको दृष्टिमा नराम्रो नै हुँदैन। ब्राह्मणहरूको कानमा नराम्रो सुनिदैन, त्यसैले त ब्राह्मण जीवन मौजको जीवन हो। भर्खरै नराम्रो, भर्खरै राम्रो भएमा मौज हुन सक्दैन। सदा मौज नै मौज छ। सारा कल्पमा ब्रह्माकुमार र कुमारी श्रेष्ठ छौ। देव आत्माहरू पनि ब्राह्मणहरूको अगाडि केही होइनन्, सदा यस नशामा रहने गर। सदा खुशी रहेर अरूलाई पनि सदा खुशी राख। रहने गर पनि र राख पनि। म त खुशी रहन्छु, यो हुँदैन। मैले सबैलाई खुशी राख्छु– यो पनि होस्। म त खुशी रहन्छु– यो पनि स्वार्थ हो। ब्राह्मणहरूको सेवा के हो? ज्ञान

दिन्छौ नै खुशीको लागि।

(२) विश्वमा जति पनि श्रेष्ठ आत्माहरू गायन गरिएको छ, ती भन्दा तिमी कति श्रेष्ठ हौ। बाबा तिम्रो बन्नुभयो। त्यसैले तिमी कति श्रेष्ठ बन्यौ! सर्वश्रेष्ठ भयौ। सदैव यो स्मृतिमा राख– उच्च भन्दा उच्च बाबाले सर्वश्रेष्ठ आत्मा बनाइदिनुभयो। दृष्टि कति उच्च हुन गयो, वृत्ति कति उच्च बन्यो! सबै परिवर्तन भयो। अहिले कसैलाई देख्दा आत्मिक दृष्टिले हेर्छौ र सबै प्रति कल्याणको वृत्ति भयो। ब्राह्मण जीवन अर्थात् हर आत्मा प्रति दृष्टि र वृत्ति श्रेष्ठ बन्यो।

(३) आफूले आफैँलाई सफलताको सितारा हुँ भन्ने अनुभव गर्छौ? जहाँ सर्वशक्ति छन्, त्यहाँ सफलता जन्म सिद्ध अधिकार हुन्छ। कुनै पनि कार्य गर्छौ, चाहे शरीर निर्वाह अर्थ, चाहे ईश्वरीय सेवा अर्थ। कार्यमा कार्य गर्नुभन्दा पहिला यो निश्चयय राख। निश्चय राख्नु राम्रो कुरा हो तर यथार्थ अनुभवी आत्मा बनेर निश्चय र नशामा रहने गर। सर्व शक्ति, यस ब्राह्मण जीवनमा सफलताको सहज साधन हुन्। सर्व शक्तिको मालिक हौ त्यसैले कुनै पनि शक्तिलाई जुन समय अर्डर गर्छौ त्यतिबेला हाजिर होस्। जसरी कुनै सेवाधारी हुन्छन्, सेवाधारीलाई जुन समय अर्डर गर्छन् त्यतिबेला नै सेवाको लागि तयार हुन्छन्। त्यसैगरी सर्वशक्ति तिम्रो अर्डरमा रहुन्। जति-जति मास्टर सर्वशक्तिमानको सीटमा सेट हुन्छौ, त्यति सर्वशक्ति सदा अर्डरमा रहन्छन्। थोरै पनि स्मृतिको सीटदेखि तल आएमा शक्तिहरूले अर्डर मान्दैनन्। सेवकहरू पनि कोही ओबीडियेन्ट हुन्छन्, कोही थोरै तल-माथि गर्नेवाला हुन्छन्। तिम्रो अगाडि सर्वशक्तिहरू कस्ता छन्? ओबिडियेन्ट छन् या भनेको थोरै समयपछि पुग्छन्? जसरी यी स्थूल कर्मेन्द्रियहरूलाई जुन समय, जस्तो अर्डर गर्छौ, त्यतिबेला त्यो अर्डरले चल्छन्, त्यसैगरी यी सूक्ष्म शक्तिहरू पनि तिम्रो अर्डरमा चलुन्। चेक गर– सारा दिनमा सर्वशक्ति अर्डरमा रहे? किनकि जब यी सर्वशक्ति अहिलेदेखि तिम्रो अर्डरमा हुन्छन्, अनि मात्रै अन्त्यमा पनि तिमीले सफलता प्राप्त गर्न सक्छौ। यसको लागि धेरै समयको अभ्यास चाहिन्छ। त्यसैले यस नयाँ वर्षमा अर्डरमा चलाउने विशेष अभ्यास गर्नु किनकि विश्वको राज्य प्राप्त गर्नु छ नि। विश्व राज्य अधिकारी बन्नु भन्दा पहिला स्वराज्य अधिकारी बन।

निश्चय र नशाले हरेक बच्चालाई उड्ती कलाको अनुभव गराइरहेको छ। डबल फरेनर्स लकी छौ, जो उड्ती कलाको समयमा आयौ चढ्ने मेहनत गर्नु परेन। विजयको तिलक सदा मस्तकमा चम्किरहेको छ। यही विजयको तिलकले अरूलाई खुशी दिलाउँछ किनकि विजयी आत्माको चेहरा सदैव हर्षित रहन्छ। तिम्रो हर्षित अनुहारलाई देखेर सबै खुशीको पछाडि आकर्षित हुन्छन् किनकि दुनियाँका आत्माहरूले खुशीलाई खोजिरहेका छन्। तिम्रो अनुहारमा जब खुशीको झलक देख्छन् अनि स्वयं पनि खुशी हुन्छन्। उनले सम्झन्छन्– यिनीहरूलाई केही प्राप्ति भएको छ। पछि गएर तिम्रो अनुहारको खुशीको आकर्षणले अझै समीप ल्याउने छ। कसैलाई सुन्ने समय नभए पनि सेकेन्डमा तिम्रो अनुहारले ती आत्माहरूको सेवा गर्नेछ। तिमीहरू सबै पनि प्यार र खुशीलाई देखेर ब्राह्मण बनेका हौ नि। त्यसैले तपस्या वर्षमा यस्तो सेवा गर्नु।

(४) एक बाबा, दोस्रो न कोही– यस्तो स्थितिमा सदा स्थित रहने सहयोगी आत्मा हौ? एकलाई याद गर्न सहज छ। अनेकौंलाई याद गर्न मुश्किल हुन्छ। अनेक विस्तारलाई छोडेर सार स्वरूप एक बाबा– यस अनुभवमा कति खुशी हुन्छ। खुशी जन्म सिद्ध अधिकार हो, बाबाको खजाना हो। बाबाको खजाना बच्चाहरूको लागि जन्मसिद्ध अधिकार हुन्छ। आफ्नो खजाना हो त्यसैले आफ्नोमा गौरव हुन्छ– यो आफ्नो हो। र, मिलेको पनि कसबाट छ? अविनाशी बाबासँगबाट। त्यसैले अविनाशी बाबाले जे दिनुहुन्छ, त्यो अविनाशी दिनुहुन्छ। अविनाशी खजानाको नशा पनि अविनाशी हुन्छ। यो नशा कसैले छुटाउन सक्दैन किनकि यो नोक्सान गर्ने नशा होइन। यो प्राप्ति गराउने नशा हो। ती प्राप्ति गुमाउने नशा हुन्। त्यसैले सदा के याद रहन्छ? एक बाबा, दोस्रो न कोही। दोस्रो-तेस्रो आयो भने खटपट हुन्छ। एक बाबा भएमा एकरस स्थिति हुन्छ। एकको रसमा लभलीन रहन धेरै राम्रो लाग्छ किनकि आत्माको औरिजिनल स्वरूप नै हो– एकरस।

बिदाईको समय नयाँ वर्षको शुभारम्भको बधाई:–

चारैतिरका लभली र लक्की सबै बच्चाहरूलाई विशेष नयाँ उमंग, नयाँ उत्साहको हर घडीको बधाई। स्वयं पनि डायमन्ड हौ र जीवन पनि डायमन्ड हो र डायमन्ड मर्निङ्ग, इभिनिङ्ग, डायमन्ड नाइट सदा रहोस्। यसै विधिले

धेरै चाँडै आफ्नो राज्य स्थापना गर्नेछौ र राज्य गर्छौ। आफ्नो राज्य प्यारो लाग्छ नि। त्यसोभए अब छिटो-छिटो त्यो राज्य ल्याउ र राज्य गर। आफ्नो राज्य सामुन्ने देखिइरहेको छ नि। त्यसैले अब फरिश्ता बनेर देवता बन। चारैतिरका बच्चाहरूलाई विशेष पद्मगुणा यादप्यार स्वीकार होस्। विदेशका, चाहे देशका बच्चाहरू तपस्याको उमंग-उत्साहमा राम्रा छन् र जहाँ तपस्या हुन्छ, त्यहाँ सेवा हुन्छ नै। सदा सफलताको बधाई छ। हरेकले यस्तो नवीनता देखाऊ, जसबाट सारा विश्वले तिमीतर्फ देखुन्। नवीनताको लाइट हाउस बन्नु। अच्छा! हरेकले आफ्नो लागि यादप्यार र बधाई स्वीकार गर।

वरदानः– शुद्ध संकल्प र श्रेष्ठ सङ्गद्वारा हल्का बनेर खुशीको डान्स गर्ने अलौकिक फरिश्ता भव

तिमी ब्राह्मण बच्चाहरूको लागि दिनहुँको मुरली नै शुद्ध संकल्प हो। कति शुद्ध संकल्प बाबाद्वारा दिनहुँ सबेरै-सबेरै मिल्छन्! यिनै शुद्ध संकल्पमा बुद्धिलाई बिजी राख्यौ र सदा बाबाको सङ्गमा रह्यौ भने हल्का बनेर खुशीमा डान्स गरिरहनेछौ। खुशी रहने सहज साधन हो– सदा हल्का रहनु। शुद्ध संकल्प हल्का हुन्छ र व्यर्थ संकल्प भारी हुन्छ। त्यसैले सदा शुद्ध संकल्पमा व्यस्त रहेर हल्का बन र खुशीको डान्स गरिराख तब भनिन्छ अलौकिक फरिश्ता।

स्लोगनः– परमात्म प्यारको पालनाको स्वरूप हो– सहजयोगी जीवन।